धनगढी उप-महानगरपालिका

स्थानीय राजपत्र

**खण्डः०८** **संख्याः०१** **मितिः२०८१/०३/०१**


भाग-०२

**धनगढी उप-महानगरपालिका**

# धनगढी उप–महानगरपालिकाको सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार कार्यक्रम कार्यान्वयन कार्यविधि,२०८१

**नगर कार्यपालिकाबाट स्वीकृत मितिः २०८१।०३।०१**
**राजपत्रमा प्रकाशन मितिः २०८१।०३।०२**

**प्रस्तावनाः** धनगढी उप-महानगरपालिका भित्र सञ्चालित सामुदायिक विद्यालयहरुको शैक्षिक, भौतिक एवम् पर्यावरणीय स्थितिमा सुधार गर्न सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार कार्यक्रम सञ्चालन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२६ को उपधारा (१), स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) र नगर शिक्षा ऐन धनगढी, २०७४ को दफा ५४ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी धनगढी उपमहानगरपालिकाको नगर कार्यपालिकाको **तीसौं** बैठकले यो कार्यविधि जारी गरेको छ।

धनगढी उप-महानगरपालिका राजपत्र

**परिच्छेद -एक**

**प्रारम्भिक**

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यो कार्यविधिको नाम **"धनगढी उप-महानगरपालिकाको सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१"** रहेको छ।

(२) यो कार्यविधि नगर कार्यपालिकाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि लागू हुनेछ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा;

(क) "उप-महानगरपालिका" भन्नाले धनगढी उपमहानगरपालिका, कैलालीलाई सम्झनुपर्छ।

(ख) "कार्यपालिका" भन्नाले धनगढी उपमहानगरपालिका, कैलालीको नगर कार्यपालिकालाई सम्झनुपर्छ।

(ग) "नगर शिक्षा समिति" भन्नाले नगर शिक्षा ऐन धनगढी, २०७४ बमोजिम गठन भएको नगर शिक्षा समिति सम्झनु पर्दछ।

(घ) "कार्यालय" भन्नाले धनगढी उपमहानगरपालिका, कैलालीको नगर कार्यपालिकाको कार्यालय सम्झनुपर्छ।

(ङ) "संघ संस्था" भन्नाले सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार कार्यक्रममा साँझेदार गैरसरकारी संघ संस्थाहरुलाई सम्झनु पर्दछ।

(च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले धनगढी उपमहानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत वा सो काम गर्न तोकेको अधिकृत सम्झनुपर्छ।

(छ) "महाशाखा" भन्नाले धनगढी उपमहानगरपालिकाको शिक्षा, युवा तथा खेलकुद महाशाखा सम्झनुपर्छ।

(ज) "विद्यालय" भन्नाले धनगढी उपमहानगरपालिका क्षेत्रभित्र सञ्चालित सामुदायिक विद्यालय सम्झनुपर्छ।

(झ) "नमुना विद्यालय" भन्नाले विद्यालयको समग्र पक्षको सुधार मार्फत शैक्षिक गुणस्तर सुधारका लागि छनौट गरिएका विद्यालयहरुलाई सम्झनुपर्छ।

(ञ) "शिक्षक अनुदान कोटा" भन्नाले यसै कार्यविधि बमोजिम विद्यालयलाई उपलब्ध गराईएको शिक्षक अनुदान कोटा सम्झनुपर्छ।

(ट) "शिक्षक" भन्नाले विद्यालयमा कार्यरत स्थायी, अस्थायी, करार, राहत, अनुदान, प्रशिक्षक, बालविकास सहजकर्ता समेतलाई सम्झनुपर्छ।

(ठ) "स्वयम्सेवक शिक्षक" भन्नाले कार्यालयले संघसंस्थाको समन्वयमा विद्यालयमा खटाएका शिक्षक सम्झनुपर्छ।

(ड) "विज्ञ स्रोत शिक्षक" भन्नाले विद्यालय सुपरीवेक्षण तथा पेसागत सहायता प्रदान गर्नका लागि नगर कार्यपालिकाको कार्यालयद्वारा नियुक्त विज्ञ स्रोत शिक्षक सम्झनुपर्छ।

धनगढी उप-महानगरपालिका राजपत्र

## परिच्छेद -दुई

## विद्यालयमा कार्यक्रम सञ्चालन सम्बन्धी व्यवस्था

३. **क्लष्टर विभाजन :** सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार कार्यक्रम सञ्चालन गर्नका लागि विद्यालयहरुलाई देहाय बमोजिम पाँचवटा क्लष्टरमा विभाजन गर्न सकिनेछ।

| क्लष्टर | समावेश हुने विद्यालयहरु |
|---|---|
| क्लष्टर १ | वडा नं. १, २, ३ र १३ का सबै विद्यालयहरु |
| क्लष्टर २ | वडा नं. ८, ९, १० र १२ का सबै विद्यालयहरु |
| क्लष्टर ३ | वडा नं. ४, ५, ६,७ र ११ का सबै विद्यालयहरु |
| क्लष्टर ४ | वडा नं. १५, १६ र १७ का सबै विद्यालयहरु |
| क्लष्टर ५ | वडा नं. १४, १८ र १९ का सबै विद्यालयहरु |

४. **क्लष्टर विद्यालयमा कार्यक्रम सञ्चालन :** दफा ३ बमोजिम विभाजन गरिएका क्लष्टर विद्यालयहरुमा कार्यालयले कुनै विद्यालयलाई अगुवा विद्यालयको रुपमा तोकेर अगुवा विद्यालय मार्फत वा कार्यालयले महाशाखा मार्फत हरेक वर्ष देहायका कार्यक्रमहरु सञ्चालन गर्न सक्नेछ ;

(क) सिकाइ उपलब्धी वृद्धिका लागि विद्यालयको मागमा आधारित अतिरिक्त कक्षा सञ्चालन
(ख) शिक्षामा अभिभावकको सहयोग अभिवृद्धिका लागि अभिभावक सचेतना कार्यक्रम सञ्चालन
(ग) आवश्यकतामा आधारित शिक्षक प्रशिक्षण (तालिम, कक्षा अवलोकन, पृष्ठपोषण, सुपरीवेक्षण र अन्य पेसागत सहायता)
(घ) सिकाइ सामग्री निर्माण सम्बन्धी तालिम सञ्चालन तथा सामग्री व्यवस्थापन
(ङ) अन्तरविद्यालय अतिरिक्त क्रियाकलाप सञ्चालन
(च) त्रैमासिक, अर्धवार्षिक, वार्षिक परीक्षा सञ्चालन तथा व्यवस्थापन (प्रश्नपत्र निर्माण, मोडरेसन, छपाई समेत)
(ज) मासिक प्रधानाध्यापक बैठक तथा विद्यालयका मासिक गतिविधिको प्रस्तुतीकरण
(झ) शैक्षिक प्रदर्शनी, शैक्षिक मेला तथा प्रोत्साहन
(ञ) विषयगत शिक्षक समुह गठन तथा परिचालन
(ट) विद्यालयको समग्र विकासका लागि विशेषज्ञ समूह/समितिको परिचालन
(ठ) विद्यालयहरुको डकुमेन्ट्री, ब्रोसर तयारी, प्रकाशन तथा प्रचार प्रसार
(ड) कार्यालयको वार्षिक नीति तथा कार्यक्रममा समावेश भएका अन्य कार्यक्रमहरु
(ढ) विद्यालयहरुको मागमा आधारित कार्यक्रमहरु
(ण) अन्य शैक्षिक कार्यक्रमहरु।

धनगढी उप-महानगरपालिका राजपत्र

## परिच्छेद- तीन

## नमुना विद्यालय सम्बन्धी व्यवस्था

५. **नमुना विद्यालय छनौट गर्न सकिने :** सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार कार्यक्रमलाई सघन रुपमा सञ्चालन गर्नका लागि देहायको प्राथमिकताका आधारमा कार्यालयले हरेक वर्ष निश्चित सामुदायिक विद्यालयहरुलाई नमुना विद्यालयको रुपमा छनौट गरी कार्यक्रम सञ्चालन गर्न सक्नेछ;

(क) एउटा माध्यमिक र एउटा आधारभूत विद्यालय भएको वडाको विद्यालय,

(ख) विद्यालयमा आवश्यक भौतिक पूर्वाधार निर्माणका लागि आवश्यक जग्गा भएको,

(ग) विद्यालय नेपाल सरकार र प्रदेश सरकारबाट नमुना विद्यालयका रुपमा छनौट नभएको,

(घ) वडास्तरमा सञ्चालित अन्य विद्यालय भन्दा बढी विद्यार्थी रहेको,

(ङ) छात्रा, दलित र जनजाति विद्यार्थीहरुको संख्या बढी भएको,

(छ) विद्यालय स्वयम् वा वडा कार्यालयद्वारा विद्यालयमा लागत साँझेदारीमा कार्यक्रम सञ्चालन गर्न इच्छुक रहेको।

६. **नमुना विद्यालय छनौटको जानकारी :** दफा ५ बमोजिम छनौट भएका विद्यालय र सम्बन्धित वडा कार्यालयलाई कार्यालयले नमुना विद्यालयको रुपमा छनौट भएको जानकारी दिनु पर्नेछ।

७. **नमुना विद्यालयमा कार्यक्रम सञ्चालन गरिने :** (१) नमुना विद्यालयहरुमा कार्यालयले हरेक वर्ष दफा ४ मा उल्लेखित कार्यक्रमहरुका साथै देहायका थप कार्यक्रमहरु सञ्चालन गर्न सक्नेछ ;

(क) विद्यालयलाई उपमहानगरपालिकाको आन्तरिक स्रोतबाट पारिश्रमिक भुक्तानी हुने गरी शिक्षक अनुदान कोटामा आवश्यक देखिएका शिक्षकको व्यवस्थापन,

(ख) शिक्षकहरुका लागि अँग्रेजी भाषा शिक्षण, शिक्षण विधि, शिक्षण सामग्री निर्माण तथा प्रयोग लगायतका अन्य आवश्यक विषयमा तालिम सञ्चालन,

(ग) प्रारम्भिक बालविकास कक्षाका शिक्षकलाई मन्टेश्वरी तालिम सञ्चालन,

(घ) भवन तथा विद्यालयको कम्पाउण्ड निर्माण, रङ्गरोगन तथा मर्मत सम्भार,

(ङ) कक्षाकोठामा फर्निचर, वालपेन्टिङ, खेल सामग्री, स्मार्टबोर्ड, प्रोजेक्टर आदिको व्यवस्थापन,

(च) विद्यालयमा सरसफाई तथा खानेपानी व्यवस्थापन,

(छ) सिकाइ उपलब्धी सुधार सम्बन्धि क्रियाकलापहरुको सञ्चालन,

(ज) कक्षा ६-१२ का विद्यार्थीहरुलाई दिवा खाजा व्यवस्थापन,

(झ) विद्यार्थीहरुका लागि पोशाक, झोला तथा स्टेश्नरी व्यवस्थापन,

(ञ) विद्यालयमा वृक्षारोपण,

(ट) प्रारम्भिक बाल विकास कक्षाका बालबालिकाका लागि खेल सामग्री व्यवस्थापन,

(ठ) विद्यार्थीबाट सञ्चालित क्रियाकलापहरुको सञ्चालन तथा व्यवस्थापन: विभिन्न क्लबको गठन तथा सञ्चालन, अतिरिक्त क्रियाकलाप सञ्चालन आदि,

(ड) विद्यालय खेलकुद कार्यक्रमको सञ्चालन,

(ढ) अभिभावक शिक्षा कार्यक्रम,
(ण) विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रमको सञ्चालन,
(त) छात्रा तथा समावेशी विद्यार्थीहरुका लागि विशेष लक्षित कार्यक्रमहरु,
(थ) सिकाइ उपलब्धी न्यून भएका विद्यार्थीहरुका लागि अतिरिक्त उपचारात्मक कक्षा सञ्चालन,
(द) विद्यालयको मागमा आधारित अन्य क्रियाकलापहरुको सञ्चालन तथा व्यवस्थापन,
(ध) नमुना विद्यालयका कार्यक्रमको डकुमेन्ट्री, ब्रोसर तयारी, प्रकाशन तथा प्रचार प्रसार,
(न) कार्यालयको वार्षिक नीति तथा कार्यक्रममा समावेश भएका अन्य कार्यक्रमहरु,
(प) नमुना विद्यालयहरुको मागमा आधारित कार्यक्रमहरु,
(फ) अन्य शैक्षिक कार्यक्रमहरु ।

८. **नमुना विद्यालयमा कार्यक्रम सञ्चालनका लागि बजेट व्यवस्था :** नमुना विद्यालयमा दफा ७ मा उल्लेखित क्रियाकलापहरु सञ्चालन गर्नका लागि उपमहानगरपालिका र सम्बन्धित वडा कार्यालयले हरेक आर्थिक बर्षमा विद्यालयको संख्या अनुसार आवश्यक बजेटको व्यवस्था गर्नु पर्नेछ ।

९. **साँझेदारी तथा सहयोगमा कार्यक्रम सञ्चालन गर्न सकिने :** (१) नमुना विद्यालयमा दफा ७ मा उल्लेखित क्रियाकलापहरु सञ्चालन गर्नका लागि कार्यालयले नेपाल सरकार, सुदूरपश्चिम प्रदेश सरकार, सम्बन्धित वडा कार्यालय, गैरसरकारी संस्थाहरुसँग समन्वय गरी साँझेदारीमा कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम नेपाल सरकार, सुदूरपश्चिम प्रदेश सरकार, सम्बन्धित वडा कार्यालय, व्यक्ति, गैरसरकारी संस्थाहरुसँग समन्वय गरी कार्यक्रम सञ्चालन गर्दा कार्यालयले छुट्टाछुट्टै वा दुई वा दुई भन्दा बढी सरकार वा संस्थाहरुसंग संयुक्त रुपमा सम्झौता गरी कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम गैरसरकारी संस्थाहरुसँग समन्वय गरी सञ्चालन गरिने कार्यक्रमका लागि उपमहानगरपालिकाले सम्झौता बमोजिम उपमहानगरपालिकाको तर्फबाट व्यहोर्नु पर्ने रकम सम्झौता भएको संस्थालाई उपलब्ध गराई सोही संस्था मार्फत वा उपमहानगरपालिका आफैंले खर्च गरी सम्बन्धित संस्थालाई कार्यक्रम सञ्चालन गर्न जिम्मेवारी दिन सक्नेछ ।

(४) कार्यालयले ईच्छुक व्यक्तिहरुलाई नमुना विद्यालयमा शैक्षिक कार्यक्रमहरु सञ्चालन गर्नका लागि सहयोगको आह्वान गरी रकम जुटाई कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

## परिच्छेद -चार

## विद्यालयमा शिक्षकको व्यवस्थापन सम्बन्धी व्यवस्था

१०. **विद्यालयमा रहने न्यूनतम् शिक्षक संख्या :** (१) विद्यालयमा देहायका न्यूनतम शिक्षक रहनेछन् ।

(क) आधारभूत तहको प्रारम्भिक बालविकास कक्षा मात्र संचालन भएका विद्यालयमा बालविकास शिक्षक एक जना ।

(ख) आधारभूत तहको प्रारम्भिक बालविकास कक्षा देखि कक्षा तीनसम्म सञ्चालन भएका विद्यालयमा बालविकास शिक्षक एक जना र आधारभूत विद्यालयमा आधारभूत (प्राथमिक) तहका शिक्षक तीन जना गरी चार जना ।

(ग) आधारभूत तहको प्रारम्भिक बालविकास कक्षा देखि कक्षा पाँचसम्म सञ्चालन भएका विद्यालयमा बालविकास शिक्षक एक जना र आधारभूत विद्यालयमा आधारभूत (प्राथमिक) तहका शिक्षक पाँच जना गरी छ जना।

(घ) आधारभूत तहको प्रारम्भिक बालविकास कक्षा देखि कक्षा आठसम्म सञ्चालन भएका विद्यालयमा बालविकास शिक्षक एक जना, आधारभूत (प्राथमिक) तहका आधारभूत पाँच जना र आधारभूत (निम्न माध्यमिक) तहका अँग्रेजी, विज्ञान वा गणित, नेपाली र सामाजिक विषयका एक/एक गरी चार जना समेत जम्मा दश जना।

(ङ) आधारभूत तहको प्रारम्भिक बालविकास कक्षा देखि माध्यमिक तहको कक्षा दशसम्म सञ्चालन भएका विद्यालयमा बालविकास शिक्षक एक जना, आधारभूत (प्राथमिक) तहका आधारभूत चार जना, आधारभूत (निम्न माध्यमिक) तहका अँग्रेजी, विज्ञान वा गणित र नेपाली र सामाजिक विषयमा एक/एक गरी चार जना, माध्यमिक (कक्षा ९-१०) तहका अँग्रेजी, विज्ञान वा गणित, नेपाली, सामाजिक र एक ऐच्छिक गरी पाँच जना समेत जम्मा चौध जना।

(च) आधारभूत तहको प्रारम्भिक बालविकास कक्षा देखि माध्यमिक तह कक्षा बाह्रसम्म सञ्चालन भएका विद्यालयमा बालविकास शिक्षक एक जना, आधारभूत (प्राथमिक) तहका आधारभूत चार जना, आधारभूत (निम्न माध्यमिक) तहका अँग्रेजी, विज्ञान वा गणित र नेपाली र सामाजिक विषयमा एक/एक गरी चार जना, माध्यमिक (कक्षा ९-१०) तहका अँग्रेजी, विज्ञान वा गणित, नेपाली, सामाजिक र एक ऐच्छिक गरी पाँच जना, माध्यमिक (कक्षा ११-१२) तहको ऐच्छिक विषयमा दुई समेत जम्मा सोह्र जना।

(छ) प्राविधिक धारका विद्यालय, विशेष विद्यालय, स्रोतकक्षा सञ्चालन भएका विद्यालयमा सम्बन्धित कार्यक्रममा तोकिए बमोजिमका थप शिक्षकहरुको दरबन्दी रहनेछ।

**११. <u>विद्यालयमा रहने थप शिक्षक संख्या :</u>** (१) विद्यालयमा देहायको अवस्थामा थप शिक्षक रहन सक्नेछन् :

(क) एउटै कक्षामा पचास जना भन्दा बढी विद्यार्थी भई उक्त कक्षामा विद्यालय व्यवस्थापन समितिको निर्णय बमोजिम वर्ग खोल्नु परेमा त्यसरी खोलिएका वर्गको लागि आवश्यक शिक्षक।

(ख) यो कार्यविधि लागू हुन पूर्व अँग्रेजी र नेपाली दुवै माध्यमबाट कक्षा सञ्चालन गरिरहेका विद्यालयमा माध्यम अनुसार सञ्चालन भईरहेका कक्षाका लागि आवश्यक शिक्षक। तर, यो कार्यविधि लागू भईसकेपछि अँग्रेजी माध्यमबाट पठनपाठन गराउन चाहने विद्यालयले बाल विकास र कक्षा एकबाट सुरु गरी क्रमश अन्य कक्षाहरुमा समेत अँग्रेजी माध्यमबाट पठनपाठनको व्यवस्था मिलाउनु पर्नेछ।

(ग) आधारभूत तहको कक्षा ६-८ र माध्यमिक तहको कक्षा ९-१० र कक्षा ११-१२ मा कक्षामा विद्यालय व्यवस्थापन समितिको निर्णय बमोजिम वर्ग खोल्नु परेमा त्यसरी खोलिएका वर्गको लागि विषयगत आधारमा आवश्यक शिक्षक।

(२) माध्यमिक तह कक्षा ९-१० र कक्षा ११-१२ मा ऐच्छिक शिक्षकको व्यवस्थापन देहाय अनुसार हुनेछ।

(क) विद्यालयले आफू कहाँ कार्यरत विषयगत शिक्षकको दरबन्दी अनुसारका विषयमा मात्र ऐच्छिक विषयको रुपमा पठनपाठन गर्नु पर्नेछ।

(ख) खण्ड (क) मा उल्लेखित बाहेकका ऐच्छिक विषयमा आवश्यक शिक्षक व्यवस्थापन गर्न विद्यालयमा स्थायी आम्दानीको स्रोत भएको अवस्थामा विद्यालयले नै आवश्यक थप शिक्षक व्यवस्थापन गर्ने गरी अन्य ऐच्छिक विषयहरुको पठनपाठनको व्यवस्थापनका लागि कार्यालयबाट अनुमति प्राप्त गर्नु पर्नेछ।

(ग) कार्यालयबाट अन्य ऐच्छिक विषयहरुको पठनपाठनको व्यवस्थापनका लागि विद्यालयले नै थप शिक्षक व्यवस्थापन गर्ने गरी अनुमति प्राप्त भएमा गरिने पूर्णकालिन शिक्षकको व्यवस्थापन विद्यालयको स्थायी दरबन्दी र राहत कोटाको रिक्त पदपूर्ति गर्ने प्रक्रिया बमोजिम नै गर्नु पर्नेछ।

(घ) खण्ड (ग) मा जुनसुकै कुरा उल्लेख भएतापनि कार्यालयबाट अन्य ऐच्छिक विषयहरुको पठनपाठनको व्यवस्थापनका लागि विद्यालयले नै थप शिक्षक व्यवस्थापन गर्ने गरी अनुमति प्राप्त भएमा गरिने आंशिक शिक्षकको व्यवस्थापनका लागि विद्यालयले नियमित रुपमा रोष्टर सूची तयार पारी उक्त रोष्टर सूचीबाट आफैले व्यवस्थापन गर्न सक्नेछ।

१२. **विद्यालयमा शिक्षकको व्यवस्थापन :** (१) देहायका शिक्षकको व्यवस्थापन कार्यालयले गर्नेछ ;

(क) हाल नेपाल सरकारको अनुदानबाट तलबभत्ता भुक्तानी हुने गरी नियुक्त स्थायी, राहत र करार शिक्षकमध्येबाट नगर शिक्षा समितिले दरबन्दी मिलान गरी विद्यालयगत रुपमा निर्धारण गरेको संख्याका शिक्षक।

(ख) हाल नेपाल सरकारको शिक्षण सहयोग कोटा, प्राविधिक धारको प्रशिक्षक कोटा, स्रोत कक्षा सञ्चालन भएका विद्यालयको स्रोत शिक्षक कोटा र विशेष कक्षा सञ्चालन भएका विद्यालयको विशेष शिक्षक कोटाको अनुदानबाट तलबभत्ता भुक्तानी हुने गरी नियुक्त शिक्षक।

(ग) खण्ड (क) र (ख) बमोजिम कार्यालयले शिक्षक व्यवस्थापन गर्दा नपुग हुने थप शिक्षकको व्यवस्थापन विद्यालय व्यवस्थापन समितिले गर्नु पर्नेछ।

तर, कुनै विद्यालयको स्थायी आम्दानीको स्रोत नभएको र भएको स्थायी आम्दानीको स्रोतबाट विद्यालयमा शिक्षक व्यवस्थापन गर्न कठिन भएको अवस्थामा तत्काल शिक्षक व्यवस्थापन गर्नु परेमा कार्यालयलले उपमहानगरपालिकाको आन्तरिक स्रोतबाट शिक्षण सहयोग अनुदान रकम उपलब्ध गराई उक्त रकमबाट शिक्षक व्यवस्थापन गराउन सक्नेछ।

**स्पष्टीकरण :** यस दफाको प्रयोजनका लागि स्थायी आम्दानी भन्नाले विद्यालयको जग्गा, भवन, हल, ताल वा अन्य सम्पत्तिको बहाल वापत प्राप्त रकम, विद्यालयले मुद्दती खातामा राखेको रकमको ब्याज वापत प्राप्त हुने रकम, अभिभावक वा दाताहरुबाट प्राप्त हुने सहयोग रकम र विद्यालयले नियमानुसार लिन पाउने शुल्क वापत प्राप्त रकम समेतलाई जनाउनेछ।

१३. **शिक्षक अनुदान कोटा सम्बन्धी व्यवस्था :** (१) विद्यालयको कक्षा ६ देखि कक्षा १० सम्मको पठनपाठनका लागि नमुना विद्यालय, स्थायी आम्दानीको स्रोत नभएको वा स्थायी आम्दानीको स्रोत भएपनि शिक्षक व्यवस्थापन गर्न रकम नपुग हुने विद्यालयमा कार्यालयले विषयगत प्रतियोगितात्मक परीक्षाबाट शिक्षक पदपूर्ति गरी खटाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम शिक्षक पदपूर्ति गर्दा सम्भव भएसम्म विद्यालयको निजी स्रोतमा कार्यरत शिक्षकहरुबाट प्रतिस्पर्धा गराई गर्न सकिनेछ। निजी स्रोतमा कार्यरत शिक्षकबाट पदपूर्ति हुने पदमा दरखास्त दिने उम्मेदवारको उमेरको हद लाग्ने छैन्।

(३) शिक्षक अनुदान कोटामा शिक्षक पदपूर्ति गर्न देहायका पदाधिकारीहरु रहेको शिक्षक पदपूर्ति समिति रहनेछ:

| | | |
|---|---|---|
| (क) | प्रमुख प्रशासकीय अधिकृत | संयोजक |
| (ख) | शिक्षा, युवा तथा खेलकुद महाशाखा प्रमुख | सदस्य |
| (ग) | संयोजकले तोकेको अधिकृतस्तरको कर्मचारी | सदस्य सचिव |

(४) शिक्षक अनुदान कोटामा शिक्षक पदपूर्ति समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) कार्यालयले आन्तरिक स्रोतबाट शिक्षक व्यवस्थापन गर्न निर्धारण गरेको शिक्षक अनुदान कोटाको सुरु रिक्त कोटामा शिक्षक पदपूर्तिका लागि न्यूनतम् पन्ध्र दिन अवधिको विज्ञापन प्रकाशन गर्ने।

(ख) प्रकाशित विज्ञापनका लागि दरखास्त संकलन गर्ने।

(ग) परीक्षा सञ्चालन गर्ने।

(घ) सफल उम्मेदवारहरुलाई करार सम्झौताका लागि सिफारिस गर्ने।

(ङ) सिफारिस भएका उम्मेदवारहरुको वार्षिक रुपमा मूल्याङ्कन गरी म्याद थप गर्ने।

(च) सिफारिस भएका उम्मेदवारहरुले करार सम्झौता नगरेमा बैकल्पिक सूचीको योग्यताक्रममा रहेका बैकल्पिक उम्मेदवार र सो नभएमा पुन: विज्ञापन गरी सफल उम्मेदवारहरुलाई करार सम्झौताका लागि सिफारिस गर्ने।

(छ) नगर शिक्षा समितिले तोकेका अन्य काम गर्ने, गराउने।

(५) शिक्षक अनुदान कोटामा शिक्षक पदपूर्तिका लागि लिइने परीक्षाको दरखास्त फाराम, पाठ्यक्रम, परीक्षा प्रणाली तथा मूल्याङ्कन प्रक्रिया शिक्षक सेवा आयोगले अपनाएबमोजिम हुनेछ।

(६) यस दफा बमोजिम सञ्चालन हुने प्रतिपर्धात्मक परीक्षाका लागि प्रश्नपत्र निर्माण, उत्तरपुस्तिका परीक्षण, अन्तर्वार्ता तथा आवश्यक परेको अवस्थामा कक्षा अवलोकन समेतको कार्य सम्बन्धित विषयमा स्नातकोत्तर योग्यता भएका वा स्नातक योग्यता भई क्याम्पस, कार्यालय वा विद्यालयमा कम्तिमा पाँच बर्षको शिक्षण अनुभव वा कार्य अनुभव भएका विषयविज्ञहरुबाट गरिनेछ।

(७) उपदफा (६) बमोजिम विषयविज्ञहरु तोक्ने काम कार्यालयबाट हुनेछ।

(८) शिक्षक अनुदान कोटामा शिक्षक पदपूर्ति समितिबाट सिफारिस भएका शिक्षकसंग करार सम्झौता गरी विद्यालयमा खटाउने काम कार्यालयले गर्नेछ।

(९) करार सम्झौता गरी विद्यालयमा खटाईएका शिक्षकलाई करार सम्झौतामा तोकिएको कामकाज गरेवापत करार सम्झौतामा तोके बमोजिम कार्यालयबाट पारिश्रमिक तथा अन्य सुविधा उपलब्ध गराईनेछ। यस उपदफा बमोजिम पारिश्रमिक तथा सुविधा तोक्दा नेपाल सरकारको समान तहको तृतीय श्रेणीको शिक्षकको सुरु तलबस्केल भन्दा बढी नहुने गरी तोक्नु पर्नेछ।

धनगढी उप-महानगरपालिका राजपत्र

(१०) करार सम्झौंता भई विद्यालयमा खटाईएका शिक्षकले देहायबमोजिमको आचारसंहिता पालना गर्नुपर्नेछः-

(क) करार सम्झौता अनुरूपको कार्य इमान्दारीपूर्वक सम्पन्न गर्ने,

(ख) निर्धारित समयमा नियमितरूपले खटाईएको विद्यालयमा आएको र गएको समय जनाई हाजिरी गर्ने,

(ग) पहिले विदाको अनुमति नलिई विद्यालयमा अनुपस्थित नहुने,

(घ) शिक्षक, विद्यार्थी र समुदायमा कुनै भाषा, धर्म तथा सम्प्रदाय विरोधी भावना फैलाउन नहुने,

(ङ) उपमहानगरपालिकाको नीति तथा कानून प्रतिकूल हुने कुनै कार्य नगर्ने,

(च) कुनै पनि राजनीतिक दलको गतिविधिमा संलग्न नहुने,

(छ) इमान्दार, शिष्ट, नम्र, पारदर्शी र सदाचारी व्यवहार अवलम्बन गर्ने,

(ज) विद्यालयमा लामो (हिउँदे, बर्षे र चाडपर्व) विदा भएको समयमा क्लष्टर विद्यालयमा अतिरिक्त कक्षा सञ्चालन, पाठयोजना निर्माण, अतिरिक्त क्रियाकलापको तयारी लगायतका शिक्षा, युवा तथा खेलकुद महाशाखाले तोके बमोजिमका कार्यहरु गर्ने,

(झ) आफूलाई उपमहानगरपालिकाले खटाएको अवस्थामा बाहेक कार्यरत विद्यालय बाहेक अन्य विद्यालय र ट्यूसन, कोचिङ सेन्टर वा भाषा प्रशिक्षण केन्द्र वा यस्तै अन्य संस्थामा गरी पठनपाठन नगर्ने।

(११) करार सम्झौंता भई विद्यालयमा खटाईएका शिक्षकलाई उचित र पर्याप्त कारण भएमा देहायबमोजिमको सजाय गर्न सकिनेछः-

(क) नसिहत दिने,

(ख) भविष्यमा शिक्षक अनुदान कोटाको शिक्षकको नोकरीको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाउने,

(ग) भविष्यमा शिक्षक अनुदान कोटाको शिक्षकको नोकरीको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट हटाउने।

(१२) विद्यालय आउने जाने समय पालना नगरेमा शिक्षक अनुदान कोटामा करार सम्झौंता भएका शिक्षकलाई नसिहत दिन सकिनेछ।

(१३) शिक्षक अनुदान कोटामा करार सम्झौंता भई कार्यरत शिक्षकलाई निम्नमध्ये एक वा एक भन्दा बढी कसुर देखिएमा शिक्षक अनुदान कोटाबाट प्रमुख प्रशासकीय अधिकृतले हटाउन सक्नेछ;

(क) पदीय दायित्व पुरा नगरेमा,

(ख) विना सूचना पन्ध्रदिनभन्दा बढी अवधि विद्यालयमा अनुपस्थित रहेमा,

(ग) विद्यालयमा मादक पदार्थ सेवन गरी आएको कुरा प्रमाणित भएमा,



धनगढी उप-महानगरपालिका राजपत्र

(घ) विद्यालय समयमा अन्यत्र अध्यापन गरेमा वा कुनै व्यावसायिक क्रियाकलापमा सहभागी भएमा,

(ङ) राजनैतिक दलको सदस्यता लिएर वा नलिएर राजनैतिक दलको क्रियाकलापमा संलग्न रहेको पाइएमा,

(च) वार्षिक कार्यसम्पादन मूल्याङ्कनमा असी प्रतिशत भन्दा कम अङ्क प्राप्त गरेमा,

(छ) नैतिक पतन देखिने फौजदारी अभियोग वा भ्रष्टाचारको कसुरमा अदालतमा मुद्धा दर्ता भएमा।

(१४) शिक्षक अनुदान कोटामा करार सम्झौता भई कार्यरत शिक्षकलाई एक विद्यालयबाट अर्को विद्यालयमा खटाउनु परेमा सो कार्य कार्यालयले गर्नेछ।

(१५) शिक्षक अनुदान कोटामा खटाईने शिक्षकको करार सम्झौता फाराम र बार्षिक मूल्याङ्कन फाराम महाशाखाले तोके बमोजिम हुनेछ।

१४. **शिक्षक अनुदान कोटामा वैकल्पिक उम्मेदवारलाई खटाउने सम्बन्धी व्यवस्था :** (१) नमुना विद्यालय वा अन्य विद्यालयमा आवश्यक शिक्षक अनुदान कोटामा तत्काल करार सम्झौता गरी शिक्षक खटाउनु पर्ने भएमा त्यस पूर्व सञ्चालन भएको शिक्षक अनुदान कोटाको प्रतिस्पर्धात्मक परीक्षाबाट वैकल्पिक सूचीमा उम्मेदवारहरु रहेको र निज उम्मेदवारहरुले शिक्षक अनुदान कोटामा खटिई जान मञ्जुर भई करार सम्झौता गरेमा सोही सूचीबाट खटाउन सकिनेछ।

(२) शिक्षक अनुदान कोटाको प्रतिस्पर्धात्मक परीक्षाबाट वैकल्पिक सूचीमा रहेका उम्मेदवारहरुलाई कुनै विद्यालयले आफ्नै आन्तरिक स्रोतबाट विद्यालयको निजीस्रोत शिक्षकका रुपमा खटाई पठाउन माग गरेमा कार्यालयले खटाई पठाउन सक्नेछ। त्यसरी खटाई पठाएका शिक्षकको पारिश्रमिक तथा सेवा, शर्त र सुविधा सम्बन्धित विद्यालयले तोके बमोजिम हुनेछ।

१५. **स्वयम्सेवक शिक्षक सम्बन्धी व्यवस्था :** (१) कार्यालयले नेपाल सरकार, प्रदेश सरकार, विभिन्न संघसंस्था र व्यक्तिहरुको सहयोग र साँझेदारीमा विद्यालयमा स्वयम्सेवक शिक्षकको व्यवस्था गरी खटाउन सक्नेछ।

(२) विद्यालयमा खटाईने स्वयम्सेवक शिक्षकहरुको व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था नेपाल सरकार, प्रदेश सरकार, विभिन्न संघसंस्था र व्यक्तिहरुमध्ये जसको सहयोग वा साँझेदारीमा खटाईएको हो, सोही निकायसंग कार्यालयले गरेको सम्झौता बमोजिम हुनेछ।

## परिच्छेद- पाँच

## विद्यालय कर्मचारी सम्बन्धी व्यवस्था

१६. **विद्यालय कर्मचारी सम्बन्धी व्यवस्था :** (१) सबै माध्यमिक विद्यालयमा न्युनतम् एक जना विद्यालय कर्मचारीको व्यवस्थापन नेपाल सरकारको अनुदानमा कार्यालयले गर्नेछ।

(२) सबै माध्यमिक तथा आधारभूत विद्यालयमा न्युनतम् एक जना विद्यालय सहयोगीको व्यवस्थापन नेपाल सरकारको अनुदानमा कार्यालयले गर्नेछ।

धनगढी उपमहानगरपालिका राजपत्र

(३) उपदफा (१) र (२) बमोजिम कार्यरत विद्यालय कर्मचारी र विद्यालय सहयोगीले नपुग हुने भएमा थप कर्मचारी र सहयोगीको व्यवस्थापन विद्यालयले आफ्नो स्थायी आम्दानीको स्रोतबाट तलबभत्ता तथा पारिश्रमिक सुविधा उपलब्ध गराउने गरी गर्न सक्नेछ ।

(४) विद्यालय कर्मचारी र विद्यालय सहयोगीलाई नेपाल सरकारले उपलब्ध गराउँदै आएको पारिश्रमिक रकममा उपमहानगरपालिकाले आफ्नो बार्षिक नीति कार्यक्रम तथा बजेटमा व्यवस्था गरेको रकम मासिक रुपमा थप पारिश्रमिक वापत उपलब्ध गराउन सक्नेछ ।

१७. **कार्यविधि दर्ता गराउनु पर्ने :** (१) विद्यालय कर्मचारी र विद्यालय सहयोगीको व्यवस्थापन गर्दा यस अघि कर्मचारी व्यवस्थापन कार्यविधि तर्जुमा गरी विद्यालय व्यवस्थापन समितिबाट पारित गराएको भए उपदफा (२) मा उल्लेखित व्यवस्थाहरुमा संशोधन सहित सोही कार्यविधि र नगराएको भए यो कार्यविधि लागु भएको तीन महिनाभित्र कार्यविधि तर्जुमा गरी विद्यालय व्यवस्थापन समितिबाट पारित गराई उपमहानगरपालिकाको शिक्षा, युवा तथा खेलकुद महाशाखामा अनिवार्य दर्ता गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको कार्यविधिमा देहायको व्यवस्था उल्लेख भएको हुनु पर्नेछ:

(क) रिक्त पदमा पदपूर्तिका लागि कम्तिमा पन्ध्र दिनको विज्ञापन गर्ने, उक्त विज्ञापन सम्बन्धित विद्यालय तथा वडा कार्यालयमा टाँस गर्ने, स्थानीय पत्रिका र कार्यालयको वेभसाइट मार्फत प्रकाशन गर्ने ।

(ख) सुदूरपश्चिम प्रदेश लोक सेवा आयोगले सम्बन्धित तह वा सो सरहका पदका लागि जारी गरेको पाठ्यक्रम र परीक्षा प्रणालीका आधारमा परीक्षा सञ्चालन हुने ।

(ख) सुदूरपश्चिम प्रदेश लोक सेवा आयोगले सम्बन्धित तह वा सो सरहका पदका लागि पाठ्यक्रम र परीक्षा प्रणाली जारी नगरेको भए विज्ञापनसंगै पाठ्यक्रम प्रकाशन गरिने र उक्त पाठ्यक्रम अनुसार परीक्षा सञ्चालन हुने ।

(ग) विद्यालय कर्मचारी र विद्यालय सहयोगीको सेवा, सुविधा नेपाल सरकारका समान पदका बहालबाला कर्मचारीको भन्दा बढी नहुने ।

१८. **विद्यालय कर्मचारी पदपूर्ति समिति :** विद्यालयको रिक्त विद्यालय कर्मचारी वा विद्यालय सहयोगी पदमा पदपूर्तिका लागि हरेक विद्यालयमा देहायको विद्यालय कर्मचारी पदपूर्ति समिति रहने कुरा सम्बन्धित विद्यालयको कार्यविधिमा उल्लेख भएको हुनु पर्नेछ ।

| | | |
|---|---|---|
| (क) | विद्यालय व्यवस्थापन समितिका अध्यक्ष वा निजले तोकेको विद्यालय व्यवस्थापन समितिको सदस्य | संयोजक |
| (ख) | शिक्षा, युवा तथा खेलकुद महाशाखाबाट तोकिएको कर्मचारी | सदस्य |
| (ग) | कार्यालयबाट तोकिएका सम्बन्धित विषयमा न्युनतम् स्नातक योग्यता भएका विषयविज्ञ दुई जना | सदस्य |
| (घ) | प्रधानाध्यापक वा निजले तोकेको शिक्षक | सदस्य सचिव |

## परिच्छेद- छ

## विज्ञ स्रोत शिक्षक सम्बन्धी व्यवस्था

१९. **विज्ञ स्रोत शिक्षक सम्बन्धी व्यवस्था :** धनगढी उपमहानगरपालिकाको क्षेत्रभित्र सञ्चालित विद्यालयहरुमा उपलब्ध शैक्षिक सेवा सुविधाको परिचालन गरी शिक्षण सिकाइमा सुधार गर्दै अधिकतम् उपलब्धी हासिल गर्नका लागि विद्यालयको प्रभावकारी सुपरीवेक्षण तथा शिक्षकको पेसागत विकासमा सहजीकरण गर्न भाषा, सामाजिक र विज्ञान/गणित विषयका कम्तिमा एक/एक जना योग्य र सक्षम विज्ञ स्रोत शिक्षकको व्यवस्था गरिनेछ।

२०. **विज्ञ स्रोत शिक्षकको छनौट प्रक्रिया :** (१) कार्यालयले दफा १९ बमोजिमको विज्ञ स्रोत शिक्षक पदमा माध्यमिक तहका स्थायी शिक्षकहरुमध्ये नेपाल सरकारबाट मान्यताप्राप्त विश्वविद्यालयबाट एमएड वा सो सरह उत्तीर्ण गरेका र न्यूनतम् पाँच वर्षको सेवा अवधि पुगेका ईच्छुक शिक्षकहरुबाट कम्तिमा पन्ध्र दिनको विज्ञापन प्रकाशन गरी विज्ञ स्रोत शिक्षक छनौट गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रकाशित विज्ञापनमा दरखास्त दिने उम्मेदवारहरुको छनौट देहायको जम्मा एकसय अङ्कका आधारमा गरिनेछ;

(क) न्यूनतम् शैक्षिक योग्यताको श्रेणी वापत पन्ध्र अङ्क (विशिष्ट सहित प्रथम पन्ध्र, प्रथम तेह्र, द्वितीय एघार र तृतीय नौ),

(ख) स्थायी सेवा अवधि वापत बढीमा पाँच अङ्क (प्रति वर्ष एक अङ्कका दरले),

(ग) स्थानीय वासिन्दा वापत दश अङ्क (धनगढी उपमहानगरपालिकाको स्थायी वासिन्दा भए दश अङ्क, कैलाली जिल्लाको स्थायी वासिन्दा भए पाँच अङ्क),

(घ) प्रस्तावना पत्र वापत बीस अङ्क,

(ङ) प्रस्तावनाको प्रस्तुतीकरण वापत पन्ध्र अङ्क,

(च) आधारभूत कम्प्युटर ज्ञान (वर्ड, स्प्रिडसिट, प्रिजेन्टेसन, इमेल, इन्टरनेट र शैक्षिक तथ्याङ्क सम्बन्धी सफ्टवेयर) वापत दश अङ्क,

(छ) समूह छलफल पाँच अङ्क,

(ज) व्यक्तिगत अन्तर्वार्ता बीस अङ्क।

(३) उपदफा (२) को खण्ड (घ) बमोजिम पेश गर्नु पर्ने प्रस्तावनामा सम्बन्धित विषयको पृष्ठभूमि, उद्देश्य, औचित्य, सीमा, वर्तमान अवस्था, रणनीति, स्रोत परिचालन, भावी स्वरुप र उपलब्धि समावेश भएको हुनु पर्नेछ।

(४) विज्ञ स्रोत शिक्षकको छनौटको काम दफा १३ को उपदफा (३) को पदपूर्ति समितिले गर्नेछ। उक्त समितिले विज्ञ स्रोत शिक्षक छनौट गर्दा सम्बन्धित विषयका वाह्य विषय विज्ञहरुलाई आमन्त्रण गर्न सक्नेछ।

(५) उपदफा (२) मा उल्लेखित आधारहरुको आधारमा गरिएको मूल्याङ्कनमा सबैभन्दा बढी अङ्क प्राप्त गर्ने उम्मेदवारलाई पदपुर्ति समितिले विज्ञ स्रोत शिक्षकको नियुक्तिका लागि सिफारिस गर्नेछ।



धनगढी उप-महानगरपालिका राजपत्र

**२१. विज्ञ स्रोत शिक्षकको काम, कर्तव्य अधिकार :** (१) विज्ञ स्रोत शिक्षकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ;

(क) प्रशासनिक रुपमा कार्यालय प्रति, कार्यक्रम सञ्चालन, विद्यालय सुपरिवेक्षण, प्रतिवेदन तथा समन्वयको लागि महाशाखा प्रति उत्तरदायी रहने ।

(ख) विद्यालयमा कार्यरत शिक्षकलाई पेसागत सहयोग उपलब्ध गराउन आवश्यक सहजीकरण गर्ने ।

(ग) शिक्षकको पेसागत क्षमता अभिवृद्धीका लागि सहजकर्ताको भूमिका निर्वाह गर्ने ।

(घ) नगर शिक्षा योजना तथा विद्यालय सुधार योजना निर्माण एवम् कार्यान्वयनमा सक्रिया भूमिका निर्वाह गर्ने ।

(ङ) विद्यालयको सुपरीवेक्षण, प्राविधिक सहयोग तथा शिक्षक सहयोग सम्बन्धी बार्षिक कार्यक्रम बनाई कार्यान्वयन गर्ने र कार्यान्वयन भएका बिषयको सम्बन्धमा प्रतिवेदन तयार गर्ने ।

(च) उपमहानगर क्षेत्र भित्रका विद्यालय शिक्षासँग सम्बन्धित सम्पूर्ण सूचनाहरु अद्यावधिक गरिराख्ने र आवश्यकता अनुसार कार्यालय तथा महाशाखालाई उपलब्ध गराउने ।

(छ) उपमहानगर क्षेत्रभित्र शैक्षिक उन्नयन तथा सुधारका लागि अनुसन्धानात्मक, रचनात्मक, सहयोगात्मक र सुधारात्मक कार्यहरु गर्ने गराउने ।

(ज) सङ्घ प्रदेश र उपमहानगरको शिक्षा सँग सम्बन्धीत कानुनले परिलक्षित गरेका विषयहरुलाई कार्यान्वयन गर्न सहजिकरण गर्ने ।

(झ) क्लष्टर विद्यालयहरुबीच समन्वय गरी शैक्षिक कार्यक्रमहरु सञ्चालन गर्ने गराउने ।

(ञ) सिकाइ उपलब्धी वृद्धि हुने क्रियाकलापको बारेमा विद्यालयस्तरीय नियमित बैठकमा छलफल गरी योजना बनाउने ।

(ट) विद्यालयलाई सिकाइ उपलब्धी वृद्धि गर्ने योजना निर्माण गर्न लगाई सो योजनाको सारांश बनाई महाशाखालाई उपलब्ध गराउने ।

(ठ) विद्यालयले निर्माण गरेको योजना कार्यान्वयनको अनुगमन गरी पृष्ठपोषण प्रदान गर्ने ।

(ड) महिनामा कम्तीमा पाँचओटा विद्यालयको सुपरीवेक्षण गर्ने, त्यस मध्ये कम्तिमा २ वटा विद्यालयको सघन सुपरीवेक्षण गर्ने ।

(ढ) कक्षा अवलोकन गरी कक्षा अवलोकन गरिएका शिक्षकलाई पृष्ठपोषण दिई सो सम्बन्धमा प्रधानाध्यापकसँग समेत छलफल गर्ने ।

(ण) विद्यालय तथा शिक्षकलाई दिइएको निर्देशन पृष्ठपोषणको अभिलेखीकरण गरी नियमित रुपमा महाशाखामा जानकारी गराउने ।

(त) कार्यालय र महाशाखाबाट दिइएको कार्यादेशभित्र रही विद्यालय व्यवस्थापन समिति,

धनगढी उप-महानगरपालिका राजपत्र

शिक्षक अभिभावक संघ र प्रधानाध्यापकबाट सम्पादित कार्यको अनुगमन गरी प्रतिवेदन पेश गर्ने ।

(थ) आवश्यकता अनुसार रोष्टर प्रशिक्षक छनौट गरी तालिम सञ्चालनमा सहयोग गर्ने ।

(द) शिक्षण सिकाइ, शैक्षिक गुणस्तर र पेसागत विकास सम्बन्धमा कार्यमुलक अनुसन्धान, घटना अध्ययन लगायतका कार्यक्रम सञ्चालन गर्ने ।

(ध) शिक्षक तालिम, अतिरिक्त क्रियाकलाप सञ्चालन लगायतका कार्यक्रमहरु सञ्चालन गर्ने ।

(न) कार्यालय तथा महाशाखाबाट तोकिएका अन्य शैक्षिक कार्यक्रमहरु गर्ने, गराउने ।

२१. **विज्ञ स्रोत शिक्षकको सेवा, शर्त र सुविधा :** (१) विज्ञ स्रोत शिक्षकहरुले शिक्षक पदमा रहँदा पाइरहेको सेवा, शर्त र सुविधा करार सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।

(२) विज्ञ स्रोत शिक्षकले पाउने बिदा देहाय बमोजिम हुनेछ ।

(क) भैपरी आउने र पर्व बिदा बर्षमा बाह्र दिन ।

(ख) बिरामी विदा बर्षमा बाह्र दिन ।

(ग) सुत्केरी बिदा सुत्केरीको अघि वा पछि गरी अन्ठानब्बे दिन ।

(घ) प्रसुति स्याहार बिदा पन्ध्र दिन ।

(ङ) किरिया बिदा पन्ध्र दिन ।

(च) घर बिदा तीस दिन ।

## परिच्छेद -सात

## विविध

२२. **बाधा अड्काउ फुकाउने अधिकार :** यस कार्यविधिको उद्धेश्य कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा त्यस्तो बाधा अड्काउ कार्यपालिकाले हटाउन स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी आदेश निकाल्न सक्नेछ र त्यस्तो आदेश यसै कार्यविधिमा परे सरह मानिनेछ ।

२३. **खारेजी र बचाउ :** (१) यो कार्यविधि जारी हुनु भन्दा पहिलेका आर्थिक वर्षहरुमा उपमहानगरपालिकाको बार्षिक नीति, कार्यक्रम तथा बजेट मार्फत विनियोजन भई सामुदायिक विद्यालयमा रहेका निजीस्रोत शिक्षकहरुका लागि विद्यालयहरुमा निकासा गरिएको पारिश्रमिक वा थप पारिश्रमिक वापतको रकम र उपलब्ध गराईएको शिक्षण सहयोग अनुदानको रकम यसै कार्यविधि बमोजिम निकासा भएको वा उपलब्ध गराईएको मानिनेछ ।

(२) आर्थिक वर्ष २०८०।०८१ मा सञ्चालित नगर प्रमुख शैक्षिक गुणस्तर सुधार कार्यक्रम यसै कार्यविधि बमोजिम सञ्चालन भएको मानिनेछ ।

धनगढी उप-महानगरपालिका राजपत्र

(३) यो कार्यविधि जारी हुनु भन्दा पहिले विद्यालयमा नियुक्त विद्यालय कर्मचारी र विद्यालय सहयोगीहरु यसै कार्यविधि बमोजिम नियुक्ति भएको मानिनेछ।

(४) यस अघि मिति २०८० साल माघ १० गते, २०८० चैत्र २५ गते र २०८१ बैशाख २४ गते विज्ञापन भई सो विज्ञापनबाट छनौट भएका शिक्षक र मिति २०८० चैत्र २५ गतेको विज्ञापन भई सो विज्ञापनबाट छनौट भएका विज्ञ स्रोत शिक्षक यसै कार्यविधि बमोजिम छनौट एवम् नियुक्त भएको मानिनेछ।

(५) यस कार्यविधिमा उल्लेख भएका विषयमा यसै कार्यविधि बमोजिम र उल्लेख नभएको विषयमा नगर शिक्षा समितिले निर्धारण गरेबमोजिम हुनेछ।

(६) धनगढी उपमहानगरपालिकाको नगर शिक्षक व्यवस्थापन कार्यविधि, २०७८ लाई खारेज गरिएको छ।

**आज्ञाले,**

..................

नरेन्द्र बहादुर खाती
प्रमुख प्रशासकीय अधिकृत
धनगढी उप महानगरपालीका

धनगढी उप-महानगरपालिका राजपत्र